श्री
फोन नं. ०८७४४०१२१
ईमेल:- info.dckalikot@supremecourt.gov.np

# कालिकोट जिल्ला अदालत

## मान्म, कालिकोट

मिति:- २०७८।०२।३१

सूचना !

नोवल कोरोना भाइस (कोभिड-१९) को नयाँ भेरियन्ट विश्वव्यापीरुपमा फैलिरहेको र नेपालमा पनि त्यसको संक्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले मिति २०७८।०१।०६ मा जनस्वास्थ्यसम्बन्धी विभिन्न मापदण्डसहितको आदेश जारी गरेको अवस्था तथा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८।०१।१४ मा जारी गरिएको प्रेस विज्ञप्ति एवं हालका दिनमा कालिकोट जिल्लामा तिव्र रुपमा बढिरहेको कोरोना भाइस (कोभिड-१९) को अबस्थालाई दृष्टिगत गरी संक्रमण फैलावटलाई रोकथाम र नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय, कालिकोटबाट मिति २०७८।०१।१९ राती १२:०० बजेबाट लागू हुने गरी निषेधाज्ञा जारी भएको र पटक पटक निषेधाज्ञा अवधि थप भई पछिल्लो पटक मिति २०७८।०२।३१ राती १२:०० बजे देखि मिति २०७८।०३।०७ राती १२:०० बजेसम्मका लागि सार्वजनिक एवं निजी सवारी साधनहरु संचालनमा रोक लगाउने गरी यस कालिकोट जिल्लाभर निषेधाज्ञा जारी गरिएको सन्दर्भमा सो निषेधाज्ञा अवधिभर यस अदालतबाट प्रवाह गरिने सेवाहरुमा पूर्ववत रुपमा पुनः संकुचन गर्नुपर्ने देखिएकोले यस अदालतबाट जारी गरिएका पूर्व सूचना अनुसार नै हुने गरी मिति २०७८।०३।०१ देखि मिति २०७८।०३।०७ सम्म तपसिल बमोजिम हुने गरी निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

**१. बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई गर्ने,**

**२.पक्राउ पूर्जी जारी गर्ने, जरुरी पक्राउ पूर्जीको समर्थन, कल डिटेल अनुमती, म्याद थप सम्बन्धी कार्य गर्ने,**

**३.अभियोगपत्र दर्ता गर्ने, अभियोगपत्रसाथ पेश भएका अभियुक्तहरुको बयान लिने, प्रहरीद्वारा पक्राउ परी आएका फरार प्रतिवादीहरुको बयान लिने र थुनछेक सम्बन्धी कार्य गर्ने,**

**४.घरेलु हिंसा सम्बन्धी फिरादपत्र दर्ता र सुनुवाई गर्ने,**

कालिकोट जिल्ला अदालत
मान्म, कालिकोट
श्री
फोन नं. ०८७४४०१२१
ईमेलः- info.dckalikot@supremecourt.gov.np

# कालिकोट जिल्ला अदालत

## मान्म, कालिकोट

५.माथि खण्ड (१), (२), (३) र (४) मा उल्लिखित काम कारवाही तथा सेवा बाहेक अन्य काम कारवाही तथा सेवा स्थगित गर्ने,

६.काम कारवाही तथा सेवा प्रवाह स्थगन भएको अवधिभर मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद र तारिख नगुज्रने,

७.निषेधाज्ञाको अवधि थप भएमा यसै सूचना बमोजिम हुने गरी यस सम्बन्धी व्यवस्थापकीय कार्यहरु अदालत प्रशासनले मिलाउने ।

२०७८।०२।३१।२

टीकाराम आचार्य
निमित्त स्रेस्तेदार(शा.अ.)